मितिः २०८२ कार्तिक २० गते

श्री प्रमुख जिल्ला अधिकारी ज्यु
जिल्ला प्रशासन कार्यालय, काठमाडौं

विषयः आवश्यक कानुनी कारवाही गराइ पाउँ भन्ने वारे ।

महोदय,

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल अपाङ्गता भएका ब्यक्तिहरुको हक अधिकार संरक्षण प्रवर्धन र संवर्धनको लागि राज्य र सरोकारवाला निकायहरु सग अपाङ्गताको सवालमा जनवकालत, जनचेतना, क्षमता विकास, नेतृत्व विकास, सहकार्य, संजालिकरण तथा सहयोग गर्दै वि.स. २०५० सालदेखि निरन्तर कृयाशिल एकमात्र राष्ट्रिय स्तरको अपाङ्गता भएका ब्यक्तिहरुको छाता संस्था हो । यस संस्थामा अपाङ्गता भएका ब्यक्तिहरुले संचालन गर्दै आएका ४०० भन्दा वढी गैर सरकारी संस्थाहरु आवद्ध रहेका छन् । संस्थालाइ जवाफदेहि, उत्तरदायि, पारदर्शी, प्रभावकारी, मितव्ययि, सर्वसम्मत, समता र समावेशीकरण, विधिको सासनको पालना गरी शुसासन कायम गर्न राष्ट्रिय अपाङ्ग महासंघ नेपालको मानव श्रोत विकास तथा व्यवस्थापन नियमावली २०८०, आर्थीक तथा प्रशासन नियमावली २०८०, निर्वाचन कार्यविधि २०७५ लगाएत ३० वटा नियमावलि,कार्यविधि, निर्देशीकाहरु वनेका छन् ।

राष्ट्रिय अपाङ्ग महासंघमा यति धेरै नियमावलि र निर्देशिका कार्यविधि हुदा समेत त्यसको प्रभावकारी कार्यन्वयन गराउनको सट्टा नियमावलि विधि प्रकृया मिच्न संस्थाको अध्यक्षनै लाग्नु अत्यन्तै दुखद कुराहो । आर्थीक अपारदर्शीता, विधान र नियमावलिमा भएका व्यवस्था मिच्ने, कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाइ संस्थाको आर्थीक कारोवारको जानकारी लिखित रुपमा माग्दा समेत जानकारी नदिने, कार्यसमितिबाट आर्थीक कारोवार पास नगराइ लेखापरिक्षण गराउने, कार्यसमितिबाट पास नभएको हिसावलाइ बार्षिक साधारणसभामा पेश गरी प्रतिनिधिहरुलाइ आर्थीक तथा बार्षिक प्रगति प्रतिवेदनमा छलफल नगराइ एक जना प्रतिनिधिलाइ पनि प्रश्न गर्न नदिइ जवरजस्ती पास भएको भनेर निर्णय लेखाउने जस्ता निरंकुश शैलीका कारण राष्ट्रिय अपाङ्ग महासंघ नेपालको २२ औ बार्षिक साधारणसभाको वैधानिकता तथा महासंघमा भएको आर्थिक अनियमितताको विषयमा विवाद उत्पन्न भएको थियो र उत्पन्न विवाद समाधानका लागि जिल्ला प्रशासन कार्यालयको रोहवरमा मिति २०८१ माघ २५ गते दुवै पक्षको सहमतिमा ५ बुँदे सहमति भएको थियो।

उक्त सहमतिलाई कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालयले मिति २०८१ माघ २८ गते च.नं. ६३४ मार्फत राष्ट्रिय अपाङ्ग महासंघ नेपाललाई १५ बुँदे सुझाव कार्यान्वयन गर्न निर्देशन दिएको थियो। तर महासंघका अध्यक्ष श्री देविदत्त आचार्यले सो सहमति र सुझावको वेवास्ता गर्दै हालसम्म कार्यान्वयन गरेका छैनन्। यस विषयमा हामीले मिति २०८२ असार ३ गते जिल्ला प्रशासन कार्यालयमा निवेदनसमेत दर्ता गराएका थियौं। तत्पश्चात् कार्यालयले मिति २०८२ असार ९ गते च.नं. ११३१ मार्फत महासंघका अध्यक्षलाई सुझाव कार्यान्वयनको

प्रगति विवरण पेश गर्न पत्राचार गरेको भए तापनि हालसम्म सो सम्बन्धी कुनै कार्यान्वयन भएको छैन। अध्यक्षले महासंघलाई संस्थागत प्रणाली भन्दा बाहिर गई मनोमानी ढंगले सञ्चालन गरिरहेको स्पष्ट देखिएको छ।

त्यसैगरी, सो ५ बुँदे सहमतिअन्तर्गत बुँदा नं. १ मा "राष्ट्रिय अपाङ्ग महासंघ नेपालको प्रदेश अधिवेशन २०८२ जेठ मसान्तभित्र र राष्ट्रिय अधिवेशन २०८२ असार मसान्तभित्र सम्पन्न गर्ने तथा विपद् वा अन्य असहज परिस्थितिमा मात्र जिल्ला प्रशासन कार्यालयको समन्वयमा अर्को निर्णय गर्न सकिने" भन्ने व्यवस्था स्पष्ट रूपमा उल्लेखित छ। यसरी दुबै पक्षबीच अधिवेशनको मिति र प्रक्रिया सम्बन्धमा सहमति हुन बाँकी रहँदा पनि अध्यक्षले एकलौटी ढंगले निर्णय गर्दै मिति २०८२ असार ३२ गते बसेको कार्यसमिति बैठकबाट २०८२ मंसिर २५ र २६ गते संघीय अधिवेशन गर्ने निर्णय गरेका थिय तर आफैले तोकेको मितिमा पनि अधिवेशन गराउन अध्यक्ष अनिच्छुक छन् भन्ने कुरा महासंघको सुदुर पश्चिम प्रदेशले जेष्ठ महिना भित्रै प्रदेश अधिवेशको मिति तय गरि सम्पुर्ण वैधानिक प्रकृया पुरा गरी अधिवेशनबाट कार्यसमिति चयन गरेकोलाइ अध्यक्षले मान्यता नदिएर प्रदेशको बैंक खाता हाल सम्म रोक्का गरेको साथै महासंघको विधान २०५० (चौथो संसोधन २०७४) को दफा २३ लाइ कार्यन्वयन गर्न वनेको निर्वाचन कार्यविधि २०७५ को परिच्छेद २ को ४ नं. तथा विगतका प्रचलित अभ्यास अनुसार साधारणसभाको स्थान र मिति साधारणसभाभन्दा कम्तीमा ३५ दिनअघि निर्धारण गरी सदस्य संस्थाहरुलाई आधिकारिक पत्राचार गर्नुपर्ने र राष्ट्रिय संचार माध्यममा सूचना प्रकाशन गर्नुपर्ने साथै परिच्छेद ३ को निर्वाचन समितिको गठन तथा काम कर्तव्य तथा अधिकार सम्वन्धि ५ नं.मा भएको प्रावधान अनुसार राष्ट्रिय महाधिवेशन हुन १ महिना अगावै संघिय कार्यसमितिको वैठकबाट वरिष्ठ अधिवक्ताको संयोजकत्वमा निर्वाचन समिति गठन गरिसक्नु पर्ने प्रावधान रहेकोमा हालसम्म सो प्रक्रिया पूरा नगर्नु र गर्न तत्परता नदेखाउनुले अनिच्छुक रहेको पुष्टि हुन्छ।

साथै, सोही सहमतिको बुँदा नं. ३ बमोजिम अध्यक्षले सिफारिस गरेका २ जना र वरिष्ठ उपाध्यक्षले सिफारिस गरेका २ जना गरी ४ सदस्यीय आर्थिक अध्ययन समितिले गरेको अनुगमन प्रतिवेदन अनुसार महासंघमा ठूलो मात्राको आर्थिक अनियमितता देखिएको छ।

उपरोक्त विवरणका आधारमा अध्यक्ष देविदत्त आचार्य संस्थागत सुशासन विपरीत कार्य गर्दै आर्थिक अनियमिततामा प्रत्यक्ष संलग्न रहेको सोहि कार्यमा तल्लिन रहेको स्पष्ट भएकोले, उहाँसहित सो अनियमिततामा संलग्न सबै व्यक्तिहरूलाई तत्काल जिम्मेवारीबाट निलम्बन गरी कानुन बमोजिम कडा कानुनी कारवाही गरी लाखौं अपाङ्गता भएका व्यक्तिहरूको विश्वास र आशाको धरोहर यस राष्ट्रिय अपाङ्ग महासंघ नेपालमा सुशासन कायम गरिदिनहुन अनुरोध गर्दछौं ।

संलग्न कागजातहरू :

१. जिल्ला प्रशासन कार्यालयको रोहवरमा दुवै पक्षबीच भएको सहमति पत्र – १ प्रति
२. जिल्ला प्रशासन कार्यालयको सुझाव कार्यान्वयन गराउन पत्राचार – १ प्रति

३. जिल्ला प्रशासन कार्यालयले सुझाव कार्यान्वयनको जानकारी माग गरेको पत्राचार – १ प्रति
४. आर्थिक अध्ययन समितिको प्रतिवेदन १ प्रति
५. जिल्ला प्रशासनलाइ गराइएको ध्यानाकर्षण पत्र १ प्रति
६. विभिन्न निकायलाइ दिएका उजुरी पत्रहरु १ – १ प्रति
७. राष्ट्रिय अपाङ्ग महासंघ नेपालको विधान १ कपि
८. राष्ट्रिय अपाङ्ग महासंघ नेपालको निर्वाचन कार्यविधि २०७५ १ प्रति
९. महासंघको आर्थीक तथा प्रशासन नियामावलि र मानव स्रोत विकास तथा व्यवस्थापन नियमावलि १/१ प्रति

बोधार्थः १. हेल्लो सरकार प्रधानमन्त्रि तथा मन्त्री परिषदको कार्यालय, सिंहदरवार,काठमान्डौ
२. महिला बालवालिका तथा जेष्ठ नागरीक मन्त्रालय, सिंहदरवार, काठमान्डौ
३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमान्डौ
४. समाजकल्याण परिषद, पुलचौक, ललितपुर

निवेदक

राम वहादुर कार्की वरिष्ठ उपाध्यक्ष

अनिता घिमिरे उपाध्यक्ष

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल